**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

**Press Release – 28 February 2006**

---

# नेपाल कम्युनिस्ट पार्टी (माओवादी) द्वारा पोखरामा बम आक्रमण

नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएससीएचआर-नेपाल), नेपाल कम्युनिस्ट पार्टी ( माओवादी) द्वारा यही फागुन १३ र १५ मा पोखरामा गरिएको भनिएको बम आक्रमणको भर्त्सना गर्दछ । सो घटनामा कम्तीमा १२ सर्वसाधारण घाइते भएका थिए । सर्वसाधारणको हत्या अथवा उनीहरू घाइते हुनसक्ने सम्भावित क्षेत्रमा थप आक्रमण नगर्न पनि कार्यालय, आग्रह गर्दछ ।

उच्चायुक्तको कार्यालयले पोखराको छोरेपाटनमा फागुन १३ र पोखरा बजारमा फागुन १५ मा गरिएको दुवै आक्रमणको अनुसन्धान गरेको छ । सर्वसाधारण घुमफिर गर्ने सहरी इलाकामा बम छोडिएको ठहर नेपालस्थित उच्चायुक्तको कार्यालयले गरेको छ । फागुन १५ का दिन बजारको व्यस्त क्षेत्रमा मध्य दिनमा बम विस्फोट भएको थियो ।

अन्तर्राष्ट्रिय मानवीय कानूनले सर्वसाधारणप्रति लक्षित गरी आक्रमण गर्न निषेध गरेको छ । युद्धरत लडाकुहरूले सैन्य लक्ष्य र सर्वसाधारणहरूबीच फरक व्यवहार गर्नुपर्दछ । द्वन्द्वका कुनै पनि पक्षबाट मानवअधिकारका प्रत्यक्ष उल्लंघनकर्ताहरू र फौजी कमान्डरहरूलाई जवाफदेही बनाइनुपर्दछ र कानूनी अदालतमा व्यक्तिगतरुपमा फौजदारी दायित्व वहन गराउन सकिनेछ ।

नेकपा (माओवादी) को नेतृत्वले विगतमा नेपालस्थित उच्चायुक्तको कार्यालयसँग अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानून पालना गर्ने प्रतिवद्धता जाहेर गरिसकेको छ । तर, पोखरामा यसरी गरिएको बम प्रहारले नेकपा (माओवादी)ले विना कुनै चेतावनी सर्वसाधारणको हत्या हुन नदिने अन्य उपायहरू नगरिकनै सहरी क्षेत्रमा व्यस्त समयमा बम प्रहारका घटनाहरू बढ्ने संकेत गर्दछ ।

> नेपालस्थित उच्चायुक्तको कार्यालयका प्रवक्ता भन्छन्- 'उच्चायुक्तको कार्यालयले माओवादी नेतृत्वसँग सर्वसाधारणलाई संरक्षणार्थ आवश्यक सबै उपायहरू अवलम्बन गर्न र कार्यकर्ताहरूले अन्तर्राष्ट्रिय मानवीय कानूनअन्तर्गतका दायित्वहरू पालना गर्छन् भन्ने कुरा सुनिश्चित गर्न आग्रह गर्दछ । यी बम आक्रमणजस्ता कारवाही मानवीय कानून विपरीत छन् ।'

दुवै पक्ष जनवरीदेखि पूर्णरुपमा लडाईमा उत्रिएपछि पोखरा, नेपालगञ्ज, विराटनगर र काठमाडौंस्थित ओएससीएचआर-नेपालको क्षेत्रीय कार्यालयका कर्मचारीहरूले देशभर अन्तर्राष्ट्रिय मानवीय कानून उल्लङ्घनबारे निरन्तर अनुसन्धान गरिरहेको छ ।

**For further information contact Mr. Kieran Dwyer at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile: 98510 14263, or Email: kdwyer@ohchr.org**